FACT SHEET

# ADDING IT UP:
# नेपालमा परिवार नियोजन तथा मातृत्व र नवजात शिशु स्वास्थ्यमा लगानी

*मे ३, २०१९ मा संशोधन गरिएको छ, कृपया नोटमा हेर्नुहोला*

- महिला र उनीहरुका बालबालिकाको सुस्वास्थ्यका लागि आधुनिक परिवार नियोजनका साधनहरु र मातृत्व तथा नवजात शिशु स्वास्थ्य सम्बन्धी सेवाहरू अति नै आवश्यक छन् । परिवार नियोजनका साधनहरुको प्रयोगले महिला र उनीहरुको श्रीमान्लाई कति वटा बच्चा र कुन समयमा जन्माउने भन्ने योजना बनाउन मद्दत गर्दछ भने मातृत्व तथा नवजात शिशु सम्बन्धी सेवाको पहुँचले गर्भ स्वस्थ्य राख्न र स्वस्थ नवजात शिशु जन्माउने सम्भावना धेरै हुन्छ ।

- मातृत्व र नवजात शिशु सेवाको विस्तृत प्याकेज, जसमा गर्भवती जाँच, सुत्केरी, सुत्केरी पश्चातको सेवा, एच.आई.भी. सम्बन्धी र गर्भपतन पश्चातका सेवाहरु पर्दछन्, जुन मँहगो हुन्छ र कम आय भएका देशहरुलाई चुनौतिपुर्ण हुनसक्छ । यस प्रकारको लागत व्यवस्थापन गर्ने एक तरिका भनेको अनिच्छित गर्भधारणको संख्या घटाउनु हो - अनिच्छित गर्भ भन्नाले महिलाहरु जो केही समयपछि गर्भ रहोस् भन्ने चाहना राख्छन् वा बच्चा नै जन्माउन चाहदैनन् ।

## परिवार नियोजनका आधुनिक साधनहरुको आवश्यकता

- सन् २०१७ को अवस्था सम्म नेपालमा हरेक वर्ष अनुमानित १२ लाख महिलाहरु गर्भवती हुन्छन् जसमध्ये ५,३९,००० (वा ४५%) गर्भ अनिच्छित हुन्छन् । यी अनिच्छित गर्भहरुमध्ये लगभग एक चौथाई अनियोजित जन्म हुने र दुई तिहाई गर्भपतन हुने गर्दछन् (र बाँकी गर्भ आफै खेर जान्छन्) ।

- गर्भधारण गर्न नचाहने १५ देखि ४९ वर्ष उमेर समुहका महिलाहरुमध्ये ४४% महिलाहरुमा परिवार नियोजनका आधुनिक साधनहरूको चाहना हुँदाहुँदै पनि नपाईरहेको अवस्था छ, जसको मतलब उनीहरू कि त ती साधनको प्रयोग गर्दैनन् कि परिवार नियोजनको परम्परागत विधि अपनाउदछन् । धेरै अनिच्छित गर्भ परिवार नियोजनका आधुनिक साधनहरुको चाहना हुँदाहुँदै पनि नपाईरहेको कारणले हुने गरेको छ ।

- नेपालका सबै प्रदेशहरुमा परिवार नियोजनका साधनहरुको अपरिपूर्त माग पर्याप्त मात्रामा रहेको छ । यस्तो माग गण्डकी प्रदेशमा सबैभन्दा बढी छ (गर्भधारण गर्न नचाहने ५२% महिलाहरुमा) भने प्रदेश नं. २ मा कम (३८%) छ ।

## मातृत्व र नवजात शिशु स्वास्थ्य सेवाको आवश्यकता

- नेपालमा धेरै गर्भवती महिलाहरुले गर्भावास्था र सुत्केरी अवस्थामा आउन सक्ने स्वास्थ्य जटिलताबाट बच्न र त्यसको व्यवस्थापन गर्न आवश्यक पर्ने सेवाहरु पाईरहेका छैनन् ।

- हालसालैको तथ्याङ्क अनुसार ६४% गर्भवती महिलाहरुले सिफरिस गरे अनुसारको कम्तिमा चार पटक गर्भ जाँच गरेको र ६१% महिलाहरुले तालिम प्राप्त स्वस्थ्यकर्मीको मद्दतबाट बच्चा जन्माएको पाईएको छ । गर्भ अवस्था वा सुत्केरी अवस्थामा हुने स्वास्थ्य जटिलता भएका महिलाहरु मध्ये २७% महिलाले मात्र उनीहरु र नवजात शिशुलाई आवश्यक पर्ने सेवा प्राप्त गर्दछन् ।

- नेपालमा सन् २०१६ को अनुमानित मातृ मृत्युदर प्रत्येक एक लाख जिवित जन्ममा २३९ मातृमृत्यु रहेको छ, जुन दक्षिण एशिया क्षेत्रको औसत भन्दा बढी हो । यो मृत्यु दर वर्षमा लगभग १६०० को संख्या हुन आउँदछ ।

## अपरिपूर्त माग पूरा गर्नको लागि लाग्ने लागत

- सम्पूर्ण महिलाहरुलाई परिवार नियोजनका आधुनिक साधनहरुको आवश्यकता पूरा गर्न अनुमानित वार्षिक लागत १ करोड ७० लाख अमेरिकी डलरबाट बढेर ३ करोड अमेरिकी डलर लाग्छ (सन् २०१७ को अमेरिकी डलर अनुसार) । यसको कुल लागतमा परिवार नियोजनका साधनहरु, स्वस्थ्य पूर्वाधारहरुको स्तरोन्नति, परिवार नियोजन सम्बन्धी परामर्श, प्रचार प्रसार र कार्यक्रम तथा व्यवस्थाको सुधार समावेश हुन्छ ।

- यदि परिवार नियोजन सेवाहरु वर्तमान अवस्थाको जस्तै राख्ने हो भने, सबै १२ लाख गर्भवती महिलाहरुलाई प्रत्येक वर्ष मातृत्व र नवजात शिशु स्वास्थ्य सेवाको विस्तृत प्याकेज प्रदान गर्न १३ करोड १० लाख अमेरिकी डलर लागत पर्न आउछ जसको एक चौथाई लागतले महिलाहरुको अनिच्छित गर्भावास्थाको स्याहारको लागत पुरा गर्छ । यो लागत अहिलेको भन्दा दोब्बर हो ।

## प्रजनन् स्वास्थ्य सेवाको आवश्यकता पुरा गर्दा हुने लाभहरु

- सर्वप्रथम, महिलाहरुलाई अनिच्छित गर्भबाट बच्न सहयोग गर्नु भन्दा गर्भपतन गर्न वा पुरै समय अनिच्छित गर्भ राखि राख्न ज्यादा महंगो हुन्छ । परिवार नियोजनका आधुनिक साधनहरुको सेवाहरु एवम् मातृ र नवजात शिशु स्याहारलाई सँगसंगै विस्तार गरियो भने मात्रै मातृत्व र नवजात शिशु स्याहारमा गरिने लागतको तुलनामा बचत गर्न सकिन्छ ।

- परिवार नियोजनका आधुनिक साधनहरूको बिस्तारमा खर्च हुने प्रत्येक एक अतिरिक्त डलरमा मातृत्व र नवजात शिशु स्वास्थ्य सेवामा लाग्ने खर्चमा देशले दुई डलर बचत गर्नेछ ।

- सम्पूर्ण महिलाहरुलाई आवश्यक पर्ने परिवार नियोजनका आधुनिक साधनहरु र सिफारिस अनुसारको मातृत्व र नवजात शिशु स्वास्थ्य सेवा प्रदान गर्न १३ करोड १० लाख अमेरिकी डलर खर्च लाग्छ, जसमा ३ करोड अमेरिकी डलर परिवार नियोजन सेवाको लागि र १० करोड १० लाख अमेरिकी डलर मातृत्व र नवजात शिशु सेवाको लागि लाग्छ । यसबाट अनिच्छित गर्भ रोकिन गई देशले करिब १ करोड ७० लाख अमेरिकी डलर बचत गर्छ ।

- महिलाहरुको सम्पूर्ण आवश्यक सेवाहरुको चाहना पुरा गरेको परिदृश्य अनुसार प्रदेश नं. २ मा सबैभन्दा बढी बचत हुने देखिन्छ (५० लाख अमेरिकी डलर) र अरु प्रदेशहरुले भने ८ लाख अमेरिकी डलर देखि ४० लाख अमेरिकी डलरसम्म बचत गर्न सक्ने देखिन्छ ।

- यदि सम्पूर्ण परिवार नियोजनका आवश्यक सेवाहरुको चाहना पुरा गर्ने हो भने अनिच्छित गर्भ धारण ८७% ले वा ४,६९,००० ले घट्ने छ र सोही अनुपातमा अनियोजित गर्भ, गर्भपतन र आफै खेर जाने गर्भ पनि घट्ने छ । महिलाहरुको परिवार नियोजनका साधनहरुको सम्पूर्ण आवश्यकता पुरा भएमा वार्षिक ३०० मातृ मृत्यु घट्ने छ र यदि सबै आवश्यक मातृत्व र नवजात शिशु स्वास्थ्य सेवा पुरा गरियो भने अझ बढी महिलाहरुको ज्यान बचाउन सकिन्छ ।

## नेपालमा परिवार नियोजनका आधुनिक साधनहरुका सेवामा लगानी गर्नाले मातृत्व र नवजात शिशु स्वास्थ्य सेवामा लाग्ने लगानी घटाउन मद्दत गर्ने छ ।

वार्षिक लागत, अमेरिकी डलर, मिलियन, २०१७




नोटः राउन्डीङ गरिएकाले जम्मा रकम सँग नमिल्न सक्दछ ।

### अगाडि बढ्नका लागि गर्नुपर्ने विषयहरु

- मातृ तथा शिशुको मृत्यु र अपाङ्गतालाई घटाएर सम्पूर्ण मातृत्व र नवजात शिशु स्वास्थ्य सेवा विस्तारका लागि लाग्ने लागत व्यवस्थापन गर्न प्रथमत महिलाहरुलाई अनिच्छित गर्भको र बच्चाको जन्मको जोखिम कम गर्नु नै एक प्रभावकारी रणनीति हो ।
- परिवार नियोजनका आधुनिक साधनहरुको मागलाई पूरा गर्न विभिन्न सरोकारवालाहरु जस्तै केन्द्रीय, प्रदेश र स्थानीय सरकारहरु, निजी क्षेत्र र अन्तरराष्ट्रिय विकास साझेदार संस्थाहरुले साझा जिम्मेवारी लिनु पर्दछ ।
- सरकारी लगानीमा सञ्चालित कार्यक्रमहरुमा सुधार गर्नुका साथै लगानीमा बृद्धि गरी सेवामा गुणस्तर बढाई विशेष गरी पछाडि पारिएका जनतासँग पुग्न अत्यन्त महत्वपूर्ण छ । यस्ता लगानीहरुले महिला र उनीहरुका बालबालिकाहरुको स्वास्थ्य सुधार गरी गरिबी, भोक र महिला सशक्तिकरण तथा शिक्षा जस्ता बृहत सामाजिक र आर्थिक लाभहरु हुनेछन् ।

**नोटः** Adding It Up: Costs and Benefits of Meeting the Contraceptive and Maternal and Newborn Health Needs of Women in Nepal *नामक अध्ययनमा प्रयोग गरिएको गजको प्रति एकाई मूल्य २.६७ अमेरिकन डलरबाट ०.०४ अमेरिकी डलरमा परिवर्तन भएकोले यसमा गरिएको लागत अनुमानमा केही संशोधन गरिएको छ । यो संशोधनले अध्ययनको सारांश वा निश्कर्षहरुमा खासै परिवर्तन भएको छैन ।*

**स्रोत**

यो Fact Sheet को प्रायजसो जानकारीहरु *Sundaram A et al.,* Adding It Up: Costs and Benefits of Meeting the Contraceptive and Maternal and Newborn Health Needs of Women in Nepal, *New York: Guttmacher Institute, 2019, https://www.guttmacher.org/report/adding-it-up-meeting-contraception-mnh-nepal* बाट लिईएको छ ।
पुरा जानकारीको लागि *https:www.guttmacher.org/fact-sheet/adding-it-up-meeting-contraception-mnh-nepal* हेर्न सक्नु हुनेछ ।

**दातृ संस्थाको सहयोग**

*यो Fact Sheet बेलायत सरकारको आर्थिक अनुदानद्वारा सम्पन्न गरिएको हो । यसमा माथि उल्लेख भएका तथ्य तथा विचारहरु लेखकहरुको निजी विचार हुन् जुन यस अध्ययनका दाताहरुको धारणा र नीतिसँग मेल नखान सक्दछ ।*

कपा CREHPA

P. O. Box 9626
Kusunti (near Yatayat Office)
Lalitpur, Nepal
+977-1-519-3017
+977-1-519-3087
Fax: + 977-1-5193824
crehpa@crehpa.org.np

**www.crehpa.org.np**

GUTTMACHER INSTITUTE

**Good reproductive health policy starts with credible research**

125 Maiden Lane
New York, NY 10038
212.248.1111
info@guttmacher.org

**www.guttmacher.org**